


# विद्रोही योगमाया

## उनीहरूले सामूहिक आत्महत्या गर्दा भनेका थिए- यो अन्यायी राणाशासनको अन्त्य होस् र धर्मराज्य स्थापना होस्

**सन्तोष न्यौपाने**

देशमा निरंकुश राणा शासनको बिगबिगी थियो। उनीहरूको विरुद्धमा आन्दोलन त के ढोका थुनेर खासखुस गर्नसमेत डराउँथे मान्छे। त्यो अवस्थालाई चिर्दै पूर्वी जिल्ला भोजपुरबाट गर्जन निस्क्यो, 'न्यायिक शासनको स्थापना गर, नभए तिमीहरूको अत्य धेरै नजिक छ।'

त्यो आवाजलाई बुलन्द पार्ने कुनै बन्दुकधारी समूह थिएन, न त राजनीतिक पार्टी नै। उनी थिइन् साधारण नेपाली महिला- योगमाया न्यौपाने।

योगमाया नेपाली भूमिमा जन्मेकी एक क्रान्तिकारी महिला थिइन्। भलै उनको नाम पछिल्लो समयमात्र खोजीको विषय बनेको छ। उनी धर्मराज्य (सुशासन) को स्थापनानिम्ति लडिन्। उनले अन्यायका बेला न्यायको खोजी गरिन्। कुशासनका बेला सुशासनको माग गरिन्। पिल्सिएर जीवन बिताइरहेका महिलाको आवाजलाई बुलन्द पारिन्। सामाजिक कुसंस्कारविरुद्ध लडिन्। राणाशासनको बेथितिविरुद्ध लडिन्। उनीहरूको अन्त्यको पक्षमा लडिन्।

न्यायका पक्षमा आवाज उठाउँदै उनी देशका विभिन्न ठाउँ घुमिन्। उनलाई साथ दिने अरू थुप्रै महिला-पुरुष पनि थिए। उनले राणा प्रधानमन्त्रीलाई भेटेर आफ्ना माग राखिन्। ती मागको राणाशासनबाट कुनै सुनवाइ भएन। अन्त्यमा 'यो अन्यायी राणाशासनको अन्त्य भई, धर्मराज्यको स्थापना हुनेछ' भन्दै उनीसँगै उनका अनुयायीले सामूहिक आत्महत्या गरे। उनीहरूको शव भेटिएन।

यिनै क्रान्तिकारी महिलाको खोज र पहिचानका क्रममा मार्चमा अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारेर उनको प्रतिमूर्ति अनावरण गरियो। उनीबारे केही चर्चा पनि भए। नेपाली इतिहासको खोज गर्दै आएका बेलायती प्रोफेसर माइकल हटले पछिल्लो तथ्यलाई सार्वजनिक गरेका छन्।

योगमाया सन् १८६० देखि सन् १८६८ को अवधिमा भोजपुरको सिमले, न्यौपानेडाँडामा जन्मेकी हुन्। त्यो डाँडामा अहिले पनि १४ न्यौपाने परिवार छन्। आमा चन्द्रकला र बाबु शिला न्यौपानेको कोखबाट जन्मेकी एकमात्र छोरी योगमायाको खास नाम मायादेवी हो। उनका दुई भाइ पुष्पलाल र अग्निद पनि थिए।

उनको धेरै सानो उमेरमा नजिकैको छिमेकी कोइराला परिवारमा बिहे भयो। उनको उमेर लगभग ५ देखि ९ वर्षको थियो। तर त्यो बिहे लामो सम टिकेन। बिहे भएको तीन वर्षभित्रै उनका पतिको मृत्यु भयो।

पतिको मृत्युपछि उनले घरमा केही वर्ष धेरै दुःख पाइन्। उनले विधवा भएको पीडा खप्नुपर समाजको अपहेलना खप्नुपऱ्यो। त्यो दुःख सहन नसकेर उनी भागेर माइती गइन्। माइतीमा राख्ने नहुँदानहुँदै पनि उनी फर्केर गइनन्। कोइराला परि (माइती)ले छोरीलाई फर्काएर ल्याएको जानकार घरमा गराए।

केही समयको बसाइपछि उनी एक ब्राह्मण केटासँग भोजपुर जिल्ला छोडेर हिँडिन्। उनीहरू त्यहाँबाट भारतको आसाम गए। उनको त्यो बिहे लामो समय टिकेन। उनको दोस्रो पतिको पनि के समयपछि मृत्यु भयो।

त्यसपछि आसाममै उनले तेस्रो बिहे गरिन्। बिहेबाट उनको एक छोरी जन्मिन्- नैनाकला। के वर्षको आसाम बसाइपछि उनी पुनः नेपाल फर्कि

माइकल हट स्कुल अफ अरिएन्टल एन्ड अफ्रिकन स्टडिज, लन्डनमा नेपाली र पर्वत अध्ययनका प्राध्यापक हुन्। उनले साउथ एसिया डिपार्टमेन्ट प्रमुख र डिनका रूपमा काम गरिसकेका छन्। नेपाली आधुनिक र समकालीन साहित्यको अध्ययन उनको पृष्ठभूमि हो। र, उनी नेपाली र अंग्रजी भाषाका अनुवादक पनि हुन्।

उनले नेपाली राजनीति, कलासाहित्य, नेपाली सञ्चारमाध्यमको अवस्था र भुटानी शरणार्थीबारे थुप्रै लेखरचना प्रकाशन गरेका छन्। साथै उनले हिमालयन भ्वाइस : एन इन्ट्रडक्सन टु मोडर्न नेपाली लिट्रेचर, नेपाल इन द नाइन्टिज : भर्सन अफ द पास्ट, भिजन अफ द फ्युचर लगायत थुप्रै नेपालसम्बद्ध पुस्तक लेखेका छन्।

अहिले उनी कन्स्ट्रक्सन अफ पब्लिक मिनिङ इन नेपाल विषयमा अनुसन्धान गर्दैछन्।



अध्ययनअनुसार उनी भारतको आसामबाट १९०३ देखि १९१६ को बीचमा भोजपुर फर्केकी थिइन्। फर्किंदा उनको साथमा छोरीमात्र थिइन्। तेस्रो लोग्नेले पनि छोडिसकेको थियो। योगमायाले पहिले नै बिहे गरेको थाहा पाएछ लोग्नेले। विधवाले बिहे गर्नु हुँदैन भन्ने समाजमा सबैले अलग्याउने डरले तेस्रो लाग्नेले उनलाई छोडेको थियो।

नेपाल फर्केपछि उनी स्वर्गद्वारीदेखि भारतका विभिन्न धार्मिक स्थलको भ्रमण गर्न थालिन्। उनले धार्मिकस्थलमा प्रवचन दिँदै हिँडिन्। प्रवचनमा उनले महिला हकहित, विधवाप्रथाका विरुद्ध, धर्मराज्य, जनतालाई गास/वास/कपासका अधिकार विषयलाई उठाउँथिन्।

१९१६ देखि उनी उनले बाँकी जीवन भोजपुरको मजुवाबेसीमा बिताउने निर्णय गरिन्। त्यतिबेला उनी तीसदेखि चालिस वर्षकी थिइन्। उनले बाँकी जीवनलाई रिभोस्लुनरी एस्थेटीका रूपमा बिताउने निर्णय गरिसकेकी थिइन्। मजुराबेसीमा उनले धार्मिक आश्रम पनि स्थापना गरिन्।

उनी त्यहाँ लामो ध्यानमा पनि बसिन्, खानापिनबिनै। उनको शरीरमा एउटा सेतो कपडामात्र थियो। उनी लोग्नेमान्छेजस्तो देखिन्थिन्। त्यहाँ उनलाई पछ्याउने अरू सयौं महिला पनि थिए। उनले धार्मिक शक्तिबाट महिलाको उद्धार गर्न सकिन्छ भनेर त्यहाँ लागेकी थिइन्। अनुयायीले उनलाई 'शक्ति हजुर र शक्तिमाया' भनेर सम्बोधन गर्थे। उनलाई पछ्याउनेमा धेरै दलित थिए।

उनको लक्ष्य धार्मराज्य स्थापना हुनुपर्छ भन्ने थियो। त्यहाँ पनि उनले त्यस्तै प्रवचन दिन्थिन्। विधवा महिलाको दोस्रो बिहेलाई सोच्न पनि नसक्ने समाजमा तीन-तीन पटक बिहे गरेर सामाजिक कुसंस्कारविरुद्ध लड्न सिकाउँथिन्। छुवाछुतविरुद्ध लड्न सिकाउँथिन्। प्रवचनमा उनले जातजातिविरुद्ध, भ्रष्टाचार, घुसखोरी, जागिरदार र राणाशासनविरुद्ध बोलेकी थिइन्। उनका प्रवचनलाई अहिले प्रगतिशील र आधुनिक साहित्यको बिजारोपण गरेको भनेर प्रशंसा गर्न थालिएको छ। उनको मृत्युपछि उनले दिएको प्रवचनलाई 'सर्वथा योगवाणी'का रूपमा आसाममा छापिएको छ। उनलाई अहिले नेपालको पहिलो महिला कविका रूपमा व्याख्या गरिन्छ।

**योगमायाको लक्ष्य धार्मराज्य स्थापना हुनुपर्छ भन्ने थियो। उनले त्यस्तै विषयमा प्रवचन दिन्थिन्। विधवा महिलाको दोस्रो बिहेलाई सोच्न पनि नसक्ने समाजमा तीन-तीन पटक बिहे गरेर सामाजिक कुसंस्कारविरुद्ध लडिन्**

अर्कातिर उनी राणाशासनको चर्को विरोधमा लागेकी थिइन्। राणा प्रधानमन्त्री चन्द्रशमशेरलाई १९२९, वीरशमशेरलाई १९३१, केही वर्षपछिं जुद्धशमशेर भिक्षापत्र (मागपत्र) पठाएकी थिइन्। उनको त्यो मागबारे भोजपुर अरूण भ्याली बजारमा पनि चर्चा हुन थाल्यो।

पछि १९३६ योगमाया काठमाडौं पशुपति मन्दिरको तीर्थमा गइन्। त्यहाँ उनले राणा प्रधानमन्त्रीलाई भेटिन्। जुद्धशमशेरले उनलाई त्यहाँ बस्नका लागि व्यवस्था गरिदिए। उनले जुद्धशमशेरलाई आफ्नो मागबारे सम्झाइन्। उनको माग सत्य, धर्म र भिक्षा थियो। जुद्धशमशेरले सबै कुराको व्यवस्था गरिदिने आश्वासन पनि दिए।

तर राणाशासनले उनका मागलाई खासै महत्त्व दिएन। माग पुरा नभएपछि उनी र उनका अनुयायीलाई आत्मग्लानी भयो। कुनै उपाय नलागेपछि राणाशासनको चेतना खुलाउनका लागि उनी उनका २०४ अनुयायीले सामूहिक आत्मदाहको योजना बनाए। तर त्यो घटना हुनुअघि नै उनीहरूलाई पत्राउ गरियो। पत्राउपछि उनीहरूलाई भोजपुर र धनकुटामा पुऱ्याइयो र जेलमा कोचियो।

योगमाया र अरू केही महिला तीन महिनापछि जेलबाट छुटे। केहीलाई भने तीन वर्ष थुनियो। त्यसपछि योगमायालाई निश्चित भयो कि माग कुनै हालतमा पुरा हुने छैनन्। हरिशयनी एकादशी (विक्रमसंवत १९९८) १४ जुलाई १९४१ को दिन थियो। भोजपुरको अरूण नदीको बगरमा योगमाया र उनका अनुयायी ६७ जना जम्मा भए। सामूहिक रूपमा नदीमा हाम फालेर आत्महत्या गरे। आत्महत्या गर्दा उनी ७३ वर्षकी थिइन्।

उनीहरूले सामूहिक आत्महत्या गर्दा भनेका थिए- यो अन्यायी राणाशासनको अन्त्य होस् र धर्मराज्य स्थापना होस्।